## बैठक नं. ६२

आज मिति २०८३ साल भाद्र १७ गते बुधवार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |

CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १५ | सदस्य | श्री पवित्रा विष्ट | [signature] |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | [signature] |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | [signature] |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | [signature] |
| १९ | सदस्य | श्री सुजाता सुनाम | — |
| २० | सचिव | श्री राम दत्त भट्ट | [signature] |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १. | वि.डि.डि | प्रेम कुमार ढोनान | [signature] |
| २. | अधिकृत [illegible] | राम बहादुर श्रेष्ठ | [signature] |
| ३. | सू.प्र.अ. | प्रकेश श्रेष्ठ | [signature] |
| ४, | [illegible] | [illegible] | [signature] |
| | | | |
| | | | |
| | | | |

## ६२ औ कार्यपालिका बैठक

मिति २०८३/०५/१७

समय: दिउँसो ३:०० बजे

स्थान : नगरपालिका सभा हल

**प्रस्तावहरु**

१. वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा
२. असाधारण विदा स्वीकृत सम्बन्धमा
३. स्थानीय दररेट स्वीकृत सम्बन्धमा
४. दर विश्लेषण स्वीकृत सम्बन्धमा
५. स्यानेटरी र ईलेक्ट्रील सामाग्रीको नर्म्स स्वीकृत सम्बन्धमा
६. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा
७. संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्यको स्वीकृति सम्बन्धमा
८. निर्णय अनुमोदन सम्बन्धमा
९. ईन्धन उपलब्ध गराउने सम्बन्धमा
१०. "घ" वर्गको ईजाजत पत्र जारी गर्ने सम्बन्धमा
११. अतिक्रमण गरिएका जग्गा फिर्ता सम्बन्धमा
१२. आर्थिक सहायता सम्बन्धमा
१३. श्रद्धाञ्जली सम्बन्धमा

CamScanner

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल हुँदा यस कीर्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ मा कार्यान्वयन हुने गरी नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रम मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ नियम ८ ले निर्दिष्ट गरेका बार्षिक खरीद सिमाभित्र पर्ने योजना तथा कार्यक्रमहरु समेटेर तयार पारिएको अनुसुची १ बमोजिमको बार्षिक खरिद योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल हुँदा बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० को अधिनमा रही दफा ६३ बमोजिम स्वास्थ्य सेवामा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुको १ वर्ष थप असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

क. भोजन ढकाल: जनस्वास्थ्य निरीक्षक (अधिकृत छैठौं)
ख. शान्ति सुवेदी : जनस्वास्थ्य निरीक्षक (अधिकृत छैठौं)

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्नुपर्ने भन्ने व्यवस्था अनुसार आर्थिक वर्ष २०८३।८४ को लागि जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट प्राप्त ज्याला दर तथा निर्माण सामाग्रीहरुको स्वीकृत दररेटलाई नै यस नगरपालिकाको नगर दररेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा अनुसूची २ बमोजिम पेश भएको आर्थिक वर्ष २०८३।८४ को लागि फ्ल्याग स्टोन विछ्याउने सम्वन्धि दर विश्लेषण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

CamScanner

प्रस्ताव नं.५ माथि छलफल हुँदा विद्युतीय तथा स्यानटरी सम्बन्धि निर्माण कार्यको कुनैपनि सरकारी कार्यालयहरुको आधिकारिक नर्म्स नभएको बुझिएकोले अनुसूची ३ बमोजिमको विद्युतीय नर्म्स र अनुसूची ४ बमोजिमको स्यानिटरी नर्म्स स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल हुँदा मिति २०८२ भाद्र १२ गते बसेको विपद् व्वयस्थापन समितिका सम्पूर्ण निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

प्रस्ताव नं.७ माथि छलफल हुँदा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८३।१।२ को निर्णय बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को उपदफा ३ बमोजिम कीर्तिपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्यका लागि कार्यालयलाई पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.८

प्रस्ताव नं.८ माथि छलफल हुँदा यही भाद्र १० रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीबाट पीडीतको राहत तथा उद्धारका लागि यस कार्यालयका तर्फवाट तपसिल बमोजिमको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय अनुमोदन गरियो ।

तपसिल :

१. नगर प्रमुख :एक महिनाको सेवा सुविधा
२. नगर उपप्रमुख :एक महिनाको सेवा सुविधा
३. वडा अध्यक्ष तथा वडा सदस्य : १५ दिन सेवा सुविधा
४. अधिकृत छैठौं देखी दशौं सम्म :७ दिनको पारिश्रमिक
५. सहायक स्तर पाँचौं सम्म : ५ दिनको पारिश्रमिक
६. श्रेणीविहीन : २ दिनको पारिश्रमिक

निर्णय नं.९

प्रस्ताव नं.९ माथि छलफल हुँदा कीर्तिपुर नगरपालिकाको शान्ति सुरक्षा र ट्राफिक व्यस्थापनका लागि ट्राफिक प्रहरी प्रभाग वल्खु र प्रहरी चौकी खासी बजारलाई मासिक ३० लिटरका दरले ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल हुंदा यस नगरकार्यपालिका कार्यालयमा विभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.स | फर्म / कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | होम ल्यान्ड रियल इस्टेट एण्ड विल्डर्स प्रा.लि. | श्री घनश्याम खड्का, श्री मोनी खड्का | ४ | कीर्तिपुर | |
| २ | मेरो आवास डिजाईन एण्ड विल्डर्स प्रा.लि. | श्री संदिप कुमार कुशवाहा | ६ | कीर्तिपुर | |
| ३ | दनेगु विल्डर्स प्रा.लि. | श्री विवेक श्रेष्ठ, श्री मनिष महर्जन | ४ | कीर्तिपुर | |
| ४ | एल जे कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि. | श्री लाकेन्द्र बहादुर शाही | ४ | कीर्तिपुर | |
| ५ | मंगलम कंक्रिट सोलुसन प्रा.लि. | श्री सोविता बुढाथोकी विष्ट | ५ | कीर्तिपुर | |
| ६ | एस एस एन इन्जिनियरिङ्ग प्रा.लि. | श्री सन्तोष घिमिरे | ६ | कीर्तिपुर | |
| ७ | नागराजा निर्माण सेवा | श्री सरोज प्रसाद अधिकारी | ४ | कीर्तिपुर | |
| ८ | इभान निर्माण सेवा | श्री लाल बहादुर थापा | ७ | कीर्तिपुर | |
| ९ | शाही जेनेरल कन्स्ट्रक्सन प्रा.लि. | श्री लक्ष्मी शाही | ५ | कीर्तिपुर | |
| १० | हुक इन्जिनियरिङ्ग प्रा.लि. | श्री नवराज श्रेष्ठ | ४ | कीर्तिपुर | |
| ११ | जि आर सि निर्माण सेवा | श्री रुद्र बहादुर घर्ती | १० | कीर्तिपुर | |
| १२ | श्री जि डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | श्री आरोग्य ज्ञवाली | ४ | कीर्तिपुर | |
| १३ | यावा निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | श्री दिनेश कुमार राई | ७ | कीर्तिपुर | |

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि कीर्तिपुर नगरपालिका भित्र रहेका सरकारी, पर्ति, ऐलानी जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने प्रकृया अगाढि बढाउन तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

CamScanner

तपसिल:

क) श्री इच्छा कुमार महर्जन, वडा अध्यक्ष – संयोजक

ख) सम्बन्धित वडाका वडा अध्यक्ष/ निजले तोकेको- सदस्य

ग) कानून शाखा प्रमुख- सदस्य

घ) योजना तथा प्राविधिक शाखा प्रमुख/ प्रतिनिधि- सदस्य

ङ) अमिन शाखा प्रमुख- सदस्य सचिव

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल हुँदा कार्यालय समयमा दुर्घटना परि घाइते भएका नगरप्रहरी हवल्दार राजन थापालाई उपचार खर्च बापत रु ५,०००/- (अक्षरुपी पाँच हजार मात्र) मा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल हुँदा मिति २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाउनुभएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मृत आत्माको चिरशान्तिको कामना गर्ने, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने तथा वेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धार कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरियो।